

# राष्ट्रिय जनगणना सुरुवातको सूचना



जापान सरकारले यही मिति २०२० अक्टोबर १ तारिख देखि राष्ट्रिय जनगणना सुरु गर्दैछ।

सेप्टेम्बर महिनाको मध्य तिरबाट, गणकहरू यहाँहरूको घर सम्म आएर राष्ट्रिय जनगणना सम्बन्धी कागजात वितरण गर्नेछन्।

राष्ट्रिय जनगणनाको नतिजालाई, विदेशी महानुभावले सजिलोसँग जीवन गुजारा गर्न मिल्ने सहर निर्माणका योजना तर्जुमामा प्रयोग गरिने छ।

राष्ट्रिय जनगणनाको दायरामा पर्नका लागि राष्ट्रियताले केही फरक पर्दैन। जापानमा ३ महिना वा सो भन्दा बढी समय बसोबास गरेको व्यक्ति अथवा ३ महिना वा सो भन्दा बढी समय बसोबास गर्ने व्यक्ति भए राष्ट्रिय जनगणनामा सामेल हुनुपर्छ।

दायरा भित्र पर्ने व्यक्तिमा उत्तर दिनुपर्ने दायित्व रहने हुनाले उत्तर दिनै पर्ने हुन्छ।

उत्तरका अन्तर्वस्तुलाई तथ्याङ्क तयार पार्न मात्र प्रयोग गरिने छ। अध्यागमन वा प्रहरीले गर्ने अनुसन्धान जस्ता अन्य उद्देश्यमा प्रयोग गरिने छैन।

राष्ट्रिय जनगणनामा इन्टरनेट मार्फत उत्तर दिन सकिनेछ।
अक्टोबर ७ तारिख (बुध) सम्ममा अवश्य पनि इन्टरनेट मार्फत उत्तर दिनुहोला।
*जापानी, अङ्ग्रेजी, चिनियाँ (सरल अक्षर/परम्परागत अक्षर), दक्षिण कोरियाली, भियतनामी, स्पेनिस, पुर्तगाली भाषाहरूबाट इन्टरनेट मार्फत उत्तर दिन सकिने छ।

यदि तपाईंको जवाफ बुधबार, अक्टोबर ७ तारिख सम्म पुष्टि गरिएको छैन भने, एक जना गणकले तपाईंलाई जवाफको लागि माग्नेछ।

राष्ट्रिय जनगणना कसरी भर्ने भन्ने थाहा नभएमा वा राष्ट्रिय जनगणना सम्बन्धी कागजात नआइपुगेको भए, राष्ट्रिय जनगणना कल सेन्टरमा सम्पर्क गर्नुहोला।

राष्ट्रिय जनगणना २०२० को समग्र वेबसाइट
https://www.kokusei2020.go.jp/

ने नेपाली भाषाको राष्ट्रिय जनगणना सम्बन्धी जानकारीहरू, सेप्टेम्बर १ तारिख (मङ्गल) देखि निम्न QR कोड, URL बाट हेर्न सकिने छ।
**https://www.kokusei2020.go.jp/household/language/nepali.html**

राष्ट्रिय जनगणना कल सेन्टर: ०५७०-०७-२०२०
खुल्ला रहने अवधि: सेप्टेम्बर ७ तारिख (सोम) देखि अक्टोबर ३१ तारिख (शनि) सम्म
खुल्ने टाइम: बिहान ८ बजे देखि राती ९ बजे सम्म
*पहिला अपरेटरले जापानी भाषामा बोल्ने भएपनि विदेशी भाषामा पनि सेवा उपलब्ध छ।

国勢調査
2020

Statistics Bureau　Ministry of Internal Affairs and Communications　○○○○○Prefecture